यौन अभिमुखिकरण, लैङ्गिक पहिचान र यौन विशेषता सम्बन्धीका आधारभूत शब्दवाली र तिनका परिभाषाहरू (शब्दकोषहरूका लागि)

[Alphabetical order मा राखिएको]

अन्तरलिङ्गी (Intersex) : पुलिङ्गी वा स्त्रीलिङ्गी शरीरका परम्परागत धारणाहरूमा नअटाउने यौन विशेषताहरू (यौनाङ्ग, प्रजनन ग्रन्थी तथा गुणसुत्रको ढाँचा) भएका व्यक्तिहरू ।

अयौनिक (Asexual) : कुनै प्रकारको यौन तथा/वा प्रणयात्मक आकर्षण महसुस नगर्ने व्यक्ति ।

क्वयेर (Queer) : पर्यायवाची शब्द - सिमान्कृत यौन अभिमुखिकरण, लैङ्गिक पहिचान र यौन विशेषताका व्यक्ति

गैर-द्वयसांखिक लैङ्गिक पहिचान (Non-binary gender identities) : पुरुष वा महिलाको परिभाषामा नअटाउने विविध लैङ्गिक पहिचानहरू। पुरुष वा महिला भन्दा परका लैङ्गिक पहिचानहरू ।

जन्मँदा यौनाङ्गको आधारमा इङ्गित गरिएको लिंग (Sex assigned at birth) : सामाजिक मूल्य मान्यता अनुसार कुनै बच्चा जन्मन बित्तिकै नीजको यौन अङ्ग वा विशेषताको आधारमा नीजलाई केटा वा केटी भनेर गरिने निर्धारण।

तेस्रोलिङ्गी (Third Gender) : दक्षिण एसियाली धर्म संस्कृति अनुसार आफूलाई महिला वा पुरुष भन्दा भिन्न भनी पहिचान गर्ने आफ्नो छुट्टै समाज, इतिहास, स्थानमा बसोबास, रीतिरिवाज, चालचलन, परम्परा र भाषिका समेत भएका लैङ्गिक समुदाय ।

त्याचलैङ्गिक व्यक्ति (Cisgender person) : जन्मँदा यौनाङ्गका आधारमा इङ्गित गरिएको लिंगसँग मेल खाने लैङ्गिक पहिचान भएका व्यक्तिहरू।

द्वियौनिक (Bisexual) : आफू भन्दा फरक लैङ्गिकता र आफू जस्तै लैङ्गिकता दुबै प्रति यौन तथा प्रणयात्मक आकर्षण महसुस गर्ने व्यक्ति ।

पारलैङ्गिक पुरुष (Transgender Male / Trans man) : ती पुरुषहरू जसलाई जन्मँदा यौनाङ्गको आधारमा स्त्रीलिङ्गी इङ्गित गरिएको थियो । योनी लिएर जन्मेका हुनाले समाजले उनीहरूलाई केटी वा बालिका भनेर इङ्गित गर्दछ, र हुर्कने बढ्ने क्रममा हुने लैङ्गिक अनुभव र प्रस्तुतीकरणको हकमा केटा वा पुरुषको गुण विकास हुन्छ र आफूलाई पुरुष भनी पहिचान गर्ने व्यक्ति ।

पारलैङ्गिक महिला (Transgender Female / Trans woman) : ती महिलाहरू जसलाई जन्मँदा यौनाङ्गको आधारमा पुलिङ्गी इङ्गित गरिएको थियो । **शिश्न** लिएर जन्मेका हुनाले समाजले उनीहरूलाई केटा वा बालक भनेर इङ्गित गर्दछ, र हुर्कने बढ्ने क्रममा हुने लैङ्गिक अनुभव र

प्रस्तुतीकरणको हकमा केटी वा महिलाको गुण विकास हुन्छ र आफूलाई महिला भनी पहिचान पहिचान गर्ने व्यक्ति ।

पारलैङ्गिक व्यक्ति (Transgender person) : जन्मँदा यौनाङ्गका आधारमा इङ्गित गरिएको लिंगसँग मेल नखाने लैङ्गिक पहिचान भएका व्यक्तिहरू ।

यौन अभिमुखिकरण (Sexual orientation) : कुनै व्यक्ति कुन लैङ्गिकताका अरु व्यक्तिहरू तर्फ यौन तथा प्रणयात्मक (sexual and romantic) आकर्षण महसुस गर्दछ भन्ने आधारमा नीजको यौनिक पहिचान ।

यौन विशेषता (Sex characteristics) : मानिसको यौनाङ्ग वा प्रजनन अङ्गबाट छुट्टिने शारीरिकी भिन्नता ।

लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक (Gender and Sexual Minorities) : पर्यायवाची शब्द - सिमान्कृत यौन अभिमुखिकरण, लैङ्गिक पहिचान र यौन विशेषताका व्यक्ति

लैङ्गिक पहिचान (Gender identity) : हरेक व्यक्तिको भित्री मन वा अन्तरात्माबाट लैङ्गिकता सम्बन्धी आएको व्यक्तिगत अनुभूती र अनुभव एवं भित्री मनबाट आएको आन्तरिक बोध।

विषमयौनिक (Heterosexual/Straight) : आफू भन्दा फरक लैङ्गिकता प्रति यौन तथा प्रणयात्मक आकर्षण महसुस गर्ने व्यक्ति ।

समयौनिक (Homosexual) : आफू जस्तै / उस्तै लैङ्गिकता प्रति यौन तथा प्रणयात्मक आकर्षण महसुस गर्ने व्यक्ति (समयौनिक पुरुष : Gay, समयौनिक महिला : Lesbian) ।

सर्वयौनिक (Pansexual) : सबै खाले लैङ्गिकता प्रति यौन तथा प्रणयात्मक आकर्षण महसुस गर्ने व्यक्ति वा यौन तथा प्रणयात्मक आकर्षण महसुस गर्न लैङ्गिकता बाधा नपर्ने व्यक्ति ।

सिमान्कृत यौन अभिमुखिकरण, लैङ्गिक पहिचान र यौन विशेषताका व्यक्ति (People of Marginalized Sexual Orientation, Gender Identity and Sex Characteristics) : यौन अभिमुखिकरणमा विपरीत लैङ्गिकता तर्फ हुने आकर्षण बाहेकका विविधताहरू, लैङ्गिक पहिचानमा जन्मँदा यौनाङ्गको आधारमा इङ्गित गरिएको लिङ्गसँग मेल खाने लैङ्गिक पहिचान बाहेकका विविधताहरू र यौन विशेषतामा अन्तरलिङ्गी विविधताका व्यक्तिहरूलाई जनाइने छाता शब्द । यौन अभिमुखिकरण, लैङ्गिक पहिचान र/वा यौन विशेषताका आधारमा सामाजिक सिमान्तिकरणमा परेका जनसंख्या ।

*** १७ असार २०७७, 1 July 2020 ***